
# ‘कर्मचारी र सांसदको संख्या आधा घटाउनुपर्छ’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
रुपन्देही, चैत २६



नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य चन्द्र भण्डारीले देशको उन्नति र विकासका लागि सांसद र कर्मचारीको संख्या आधा घटाउनुपर्ने बताएका छन् ।

नेपाल प्रेस युनियन रुपन्देहीले बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा नेता भण्डारीले देशको ढुकुटीको अधिकांश हिस्सा सांसद र कर्मचारीको तलब सुविधामै खर्च हुने हुँदा विकासको कामले गति लिन नसकेको बताए ।

उनले समानुपातिक निर्वाचन प्रणालीलाई राष्ट्रिय सभामा व्यवस्थापन गर्ने र राष्ट्रिय सभाबाट पनि प्रधानमन्त्री बन्ने व्यवस्था हुनुपर्नेमा जोड दिए ।

नेता भण्डारीले ३६ हजार जनप्रतिनिधिलाई १८ हजारमा र एक लाख कर्मचारीलाई ५० हजारमा सीमित गरेपछि मात्र देशको ढुकुटी विकासको काममा खर्च हुने बताए । उनले अहिलेको ढाँचा र संगठनमा रहेको स्थानीय तह ठिक रहेकाले त्यसलाई घटाउन नहुने बताए । नेता भण्डारीले समानुपातिक प्रणालीमा अब नेता मात्रै होइन विज्ञलाई पनि स्थान दिनुपर्नेमा जोड दिए । उनले कांग्रेसको अबको महाधिवेशनबाट आफू पार्टी सभापति बन्ने पनि दाबी गरे । उनले सांसदलाई तलब खुवाउन सवारीसाधन आयातमा तीन सय प्रतिशतसम्म महंगो कर लिने गरिएको दाबी गरे ।

# सर्लाहीमा आगलागी हुँदा ६ घर जलेर नष्ट



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २६ चैत

सर्लाहीमा आगलागी हुँदा ६ वटा घर जलेर नष्ट भएको छ भने ५ वटा घरमा क्षति पुगेको छ । बसबरीया गाउँपालिकाको वडा नं. ३ भवानीपुर (मुसहरी टोल) मा आगलागी भएको हो । स्थानीय राम विश्वास माझीको घरबाट सल्किएको आगोले बस्तीका ६ घर जलेर नष्ट भएको छ भने ५ घरमा क्षति पुगेको छ ।

सोमबार बिहान साढे ११ बजे माझीसहित उनका सपरिवार घर बाहिर काममा निस्किएको बेला घरमा आगो लागेको थियो । आगलागीपछि उनको घरमा राखिएको ग्यास सिलिण्डर पड्किँदा क्षणभरमै उनको घरबाट छिमेकीको घरमा आगो सल्किएको र बस्तीमा पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक (प्रवक्ता) दिपक श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार माझीसहित स्थानीय विन्देश्वर माझी, दिनेश माझी, नरेश राय यादव, जोखु मुखिया र महेशी रायको घर पूर्णरुपमा जलेर नष्ट भएको छ भने अन्य ५ घरमा क्षति पुगेको छ ।

आगो नियन्त्रणमा लिन स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा हरिवन र मलंगवा नगरपालिकाको वारुणयन्त्र परिचालन गरिएको थियो । तर आगलागी भएको बस्तीको सडक साँघुरो भएका कारण दुई वटा वारूणयन्त्र एकैपटक प्रयोग हुन नसकेर आगो नियन्त्रणमा लिन समस्या भएको स्थानीय गौरीशंकर यादवले बताए । उनका अनुसार आगो नियन्त्रणमा लिन पहिले मलंगवाको दमकल प्रयोग गरिएको थियो । त्यसको पानी सकिएपछि पुनः हरिवन नगरपालिकाको दमकल प्रयोग गरी आगो नियन्त्रणमा लिइएको थियो । विद्युत सट भएर आगलागी भएको हुन सक्ने स्थानीयको अनुमान छ ।

# नेपाल नेत्रज्योति संघको अध्यक्षमा पुनः प्रा.डा. पन्त

**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघको अध्यक्षमा प्रा.डा चेतराज पन्त निर्वाचित भएका छन् । भरतपुरको चितवनमा सम्पन्न २८औं केन्द्रीय सभा तथा अधिवेशनले प्रा.डा. पन्तलाई दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।



नेपाल नेत्रज्योति संघ चितवन शाखाको आतिथ्यतामा चैत २३ र २४ गते चलेको अधिवेशनले प्रा.डा. पन्तको नेतृत्वमा आगामी ४ वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको हो । संघको विधान बमोजिम २७ सदस्यीय कार्यसमितिमध्ये १ जना अध्यक्ष, १२ जना खुला सदस्य र २ जना महिला सदस्य गरी १५ सदस्य अधिवेशन मार्फत निर्विरोध निर्वाचित भएका हुन् ।

त्यस्तै सदस्यहरुमा कृष्ण कुमार गिरी, चिज कुमार मास्के, दिव्य प्रसाद पन्त, द्रोणप्रसाद गुरागाई, डा. नन्द श्रेष्ठ, नर बहादुर रोकाया, पद्म नारायण चौधरी, बिष्णुदत्त जोशी, श्यामकुमार पोखरेल, भरत बहादुर चन्द, भागवत राउत, वरिष्ठ अधिवक्ता हरि प्रसाद शर्मा, मन्जु कण्डेल र प्रा.डा. सविना श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचित सदस्यहरुमध्येबाट नै पदाधिकारीहरुको कार्यविभाजन गर्ने व्यवस्थाबमोजिम अधिवेशन लगत्तै बसेको केन्द्रीय समिति बैठकले संघको वरिष्ठ उपाध्यक्षमा श्यामकुमार पोखरेल, महासचिवमा भरतबहादुर चन्द र कोषाध्यक्षमा चिजकुमार मास्केलाई जिम्मेवारी तोकेको छ । त्यस्तै संघका सात वटै प्रदेशका प्रदेश सभापतिहरु केन्द्रीय कार्यसमितिको पदेन उपाध्यक्ष रहने व्यवस्थाबमोजिम कोशी प्रदेश सभापति श्याम सुन्दर उदास, मधेश प्रदेश सभापति रविन्द्रलाल चौधरी, बागमती प्रदेश सभापति ऋषिराम पौडेल, गण्डकी प्रदेश सभापति प्रा.डा.दिलबहादुर क्षेत्री, लुम्बिनी प्रदेश सभापति सागरप्रताप राणा, कर्णाली प्रदेशका सभापति तिलकबहादुर मल्ल र सुदूरपश्चिम प्रदेश सभापति चक्रबहादुर सिंह केन्द्रिय कार्यसमितिको उपाध्यक्षमा चयन हुनु भएको छ भने बाँकी सदस्यहरु केन्द्रीय समितिले मनोनीत गर्नेछ ।

संघअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, १५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखाहरु सञ्चालनमा छन् । स्थापनादेखि हालसम्म संघको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिकहरु गरी कूल ४ करोड ३६ लाख २६ जना आँखाका बिरामीहरुलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।

त्यस्तै सभाले महासचिव र कोषाध्यक्षको प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन पारित गर्नुको साथै चालु आर्थिक वर्षका लागि लेखा परिक्षक नियुक्तिको प्रस्ताव समेत पारित गरिएको छ ।

# माओवादी केन्द्र रुकुम पश्चिमका पालिकामा इन्चार्जहरु हेरफेर

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ चैत

नेकपा माओवादी केन्द्र रुकुम पश्चिमका ६ वटा स्थानीय तहमा पालिका इन्चार्जहरुको हेरफेर भएको छ । केही साताअघि पार्टीको कर्णाली प्रदेश समितिको विस्तारित बैठकले जिल्लाका पालिका समितिका इन्चार्जहरु हेरफेर गर्ने निर्णय गरेको हो । जसअनुसार केही पालिकामा नयाँलाई इन्चार्जको जीम्मेवारी दिइएको छ भने केही पालिकामा पुरानैलाई निरन्तरता दिइएको माओवादी केन्द्र कर्णाली प्रदेशले बताएको छ ।

मुसिकोट नगरपालिकामा देवीलाल गौतम, आठविसकोट नगरपालिकामा गोर्खबहादुर केसी र चौरजहारी नगरपालिकामा रिखीप्रसाद शर्मालाई इन्चार्जको जिम्मेवारी दिइएको छ । त्यस्तै सानीभेरी गाउँपालिकामा धनवीर ओली, बाँफिकोट गाउँपालिकामा धर्मबहादुर केसी र त्रिवेणी गाउँपालिकामा झक्कुप्रसाद घर्तीलाई इन्चार्जको जिम्मेवारी दिइएको छ । गौतम पार्टीको केन्द्रीय निर्वाचन आयोगका सदस्य हुन् भने अन्य केन्द्रीय समितिका सदस्य हुन् । यसअघि मुसिकोट नगरपालिकामा जयबहादुर पाण्डे र चौरजहारी नगरपालिकामा वीरेन्द्र बुढा पालिका इन्चार्जको जिम्मेवारीमा थिए ।

## मुठभेडतर्फ...

गठन गर्नुपर्ने कांग्रेसको माग छ । संसद सचिवालयका अनुसार मंगलबार बस्ने प्रतिनिधि सभाको बैठकमा गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी विधेयकलाई पेश गर्ने कार्यसूची छ । तर, लामिछानेलाई रोष्ट्रममा जान नदिने कांग्रेसको तयारी छ ।

कांग्रेसले संसदीय छानबिन समिति नबनेसम्म रोष्टममा उक्लिन नदिने रणनीति बनाएको कांग्रेसले अन्यथा सदन चल्न नसक्ने दोर्होयाएको छ । तर एमाले, माओवादी र रास्वपाका नेताहरुले भने समिति गठन नगर्ने प्रष्ट जवाफ लिएका छन् । ‘समिति बन्दैन, कोही व्यक्तिलाई फसाउन समिति बन्नु पनि हुँदैन’ शीर्ष बैठकपछि रास्वपा प्रमुख सचेतक सन्तोष परियारले पत्रकारहरुसित भने । बरु संसद बैठकमा गृहमन्त्रीले विधेयक पेश गर्ने र आफूमाथि उठेका प्रश्नहरुको रोष्टमबाट जवाफ दिन लगाउने सत्तारुढ दलहरुको तयारी छ । ‘जसरी छानबिन समिति बनाउने भन्नु भएको छ, त्यो सम्भव छैन’ चार दलका शीर्ष नेताहरुको बैठकपछि माओवादी प्रमुख सचेतक हितराज पाण्डेले भने, ‘सदन अगाडि बढ्छ, भोलि गृहमन्त्रीले राजनीतिक दलसम्बन्धी विधेयक राख्नुपर्नेछ । त्यही बेलामा गृहमन्त्रीले बोल्नु पर्ने विषयहरु पनि छन् ।’

कांग्रेसले भने आफ्नो माग राख्दै सदन चल्न दिंदा सरकार गैरजिम्मेवार ढंगले प्रस्तुत भएको भन्दै संसद अवरुद्ध गर्ने चेतावनी दिएको छ । ‘अहिलेसम्म सरकार संसदीय समिति बनाउन तयार नभएकाले संसदको कुनै पनि बैठक अवरुद्ध भयो भने सरकार नै जिम्मेवार हुन्छ ।’ कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने ।

## कोशीमा...

कार्कीले राजीनामा दिने विश्वास व्यक्त गरे ।

‘उहाँले राजीनामा दिएर मार्गप्रशस्त गर्नुहुन्छ भन्ने विश्वास छ । कांग्रेस जस्तो लोकतन्त्र, प्रजातन्त्र र संसदीय व्यवस्थाको मूल्य मान्यता बोकेको पार्टीको मुख्यमन्त्रीले मार्ग प्रशस्त गर्नु नै उपयुक्त बाटो हो’ उनले पत्रकारहरुसित भनेका छन् ।

आङ्बोले मुख्यमन्त्रीले राजीनामा नदिएको खण्डमा त्यसपछि नै कदम चाल्ने बताए । उनी प्रश्न गर्छन, ‘ त्यति गर्दा पनि उहाँले राजीनामा दिनुभएन भने हामी देशलाई, प्रदेशलाई, विदेशलाई देखाउँछौं । अदालतलाई भन्छौं, विपक्षमा बहुमत रहेको देखिँदादेखिँदै उहाँले के जवाफ दिनुहोला ?’

## सर्वोच्चको...

बजेटमा संघमा जस्तै संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धी व्यवस्था राखेका थिए । यस्तो कार्यक्रमविरुद्ध अधिवक्ता त्रिलोकबहादुर चन्दले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । चन्दको रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धी व्यवस्थाहरु तथा ती व्यवस्थाहरुका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य मुद्दाको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्न आदेश दिएको हो ।

त्यसलगत्तै, सांसदहरुले सर्वोच्च अदालतको आदेशलाई न्यायिक सक्रियता भनेका थिए ।

## वैदेशिक...

समय लाग्न सक्ने उनले बताए । मन्त्रालयले श्रम आप्रवासनका विभिन्न चरणमा गर्नुपर्ने सुधारका लागि प्रतिवेदन दिन लिखित कार्यादेश दिएको थियो । सोहीअनुसार हालसम्म कोशी प्रदेश र मधेश प्रदेशमा कन्सल्टेशन प्रोससका छलफल भएका छन् । कार्यदलले शुरुमा मन्त्रालयले तर्जुमा गरेको हालको वैदेशिक रोजगार नीतिमाथि पुनरावलोकन गरेको छ । काठमाडौंमा पनि एक चरणको मात्रै छलफल भएको छ । कार्यदलले गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, सुदूरपश्चिम प्रदेशको धनगढी तथा कर्णाली प्रदेशमा छलफल गर्न बाँकी रहेको संयोजक गुरुङले मध्यान्हलाई जानकारी दिए । संयोजक गुरुङले नेपालको वैदेशिक रोजगार नीतिमा रहेका कमी कमजोरी पहिल्याएपछि त्यसलाई हटाएर रेमिट्यान्सको आप्रवाह साथसाथै नेपाली कामदारको सीपलाई कसरी अन्तर्राष्ट्रिय स्तरको बनाउने भन्ने विषयमा अध्ययनलाई केन्द्रित गरिरहेको जानकारी पनि दिए । छलफलमा नेपाली महिला तथा पुरुष दुवै कामदारलाई विश्वको श्रम बजारमा प्रतिस्पर्धी, मर्यादित र सक्षम बनाउन अवलम्बन गर्नुपर्ने नीति र तालिमका साथै अन्य व्यवहारिक पक्षको सुझाव आएका छन् । कार्यदलले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम), रिटर्नी कामदारको नेटवर्क, वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाहरुसँग अन्तरक्रिया गरिरहेको बताइएको छ । निवर्तमान मन्त्री भण्डारीको कार्यकालमा जारी भएका जापान, इजरायल र कोरियामा निजी क्षेत्रका म्यानपावर कम्पनीबाट कामदार पठाउने कार्यविधिसहित पूर्वप्रस्थान अभिमुखीकरण तालिमको बढाइएको शुल्कप्रति असहमति जनाएका मन्त्री अर्यालले कार्यदलले दिने प्रतिवेदनमा आउने सुझावपछि मात्रै नयाँ निर्णय गर्ने अडान राखेका छन् ।

प्रतिवेदन आएपछि मात्रै महत्वपूर्ण विषयमा निर्णय गर्ने अडानले तत्कालै परिणाममुखी काम गर्ने मन्त्री अर्यालको हुटहुटी र रापतापसमेत सेलाउने कतिपयले टिप्पणी गरेका छन् । सरकारले नभइ निजी क्षेत्रले मात्रै कामदार पठाउन पाउनुपर्ने मान्यता राख्ने निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरु मन्त्रालयले व्यवसायीको भूमिका खुम्च्याउने गरी गरेका निर्णय तत्कालै परिवर्तन नगरे हालको बेचैनी र छटपटी तनावमा परिणत हुनसक्ने बताउन थालेका छन् ।

## पोर्चुगलमा...

कटुञ्जेका ३० वर्षीय धनबहादुर तामाङको समुद्रमा डुबेर मृत्यु भएको हो । सोही स्थानका ३८ वर्षीय टेकबहादुर तामाङ भने बेपत्ता भएका छन् । दुवै जना शनिबार राति बेपत्ता भएको तामाङ समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले मध्यान्हलाई जानकारी दिए । बेपत्तामध्ये धनबहादुरको शव आइतबार उद्धार टोलीले समुद्रमा भेट्टाएको थियो । टेकबहादुर भने हालसम्म बेपत्ता रहेको योञ्जनले बताए ।धनबहादुर र टेकबहादुरसहित अन्य दुई नेपाली पनि सामुद्रिक (जीव) खाना खोज्न समुद्रमा गएका थिए । बेपत्ता टेकबहादुरको झोला र बाल्टी मात्रै भेटिएको उनले बताए । धनबहादुरको शव परीक्षणका लागि मोन्तिजोस्थित बरेइरो अस्पतालको शवगृहमा राखिएको छ ।

धनबहादुर र टेकबहादुरसँगै समुद्रमा गएका साथीले दुवै जना समुद्रमा बेपत्ता भएको बताएपछि उद्धारका लागि तत्काल प्रहरीलाई खबर गरिएको मोन्तिजो नेपाली समाज पोर्चुगलका सचिव प्रबल भट्टराईले जानकारी दिए । उद्धार टोलीले शनिबार देखि नै विभिन्न माध्यम मार्फत् उनीहरुको खोजी गरेको थियो । बेपत्ता भएका टेकबहादुरको खोजीकार्य जारी रहेको भट्टराईले बताए ।

धनबहादुर वैदेशिक रोजागारीको सिलसिलामा फ्रान्स हुँदै गत वर्ष पोर्चुगल आएका थिए भने चार महिनाअघि क्रोयसिया पुगेका टेकबहादुर १८ दिनअघि मात्रै पोर्चुगल आएका थिए । नाताले काकाभतिज पर्ने दुवै जना मोन्तिजो बस्दै आएका थिए । घटनाको विषयमा नेपालमा रहेका उनीहरुका परिवारलाई जानकारी गराइसकिएको बताइएको छ ।


## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**काहुले, नुवाकोट**
**वाग्मती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतका लागि आशयको सूचना

**(प्रकाशित मिति :२०८०/१२/२७)**

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय Portal www.bolparta.gov.np/egp मार्फत मिति २०८०/११/१८ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्रम सं | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावाग्राही बोलापत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/W/07/2080/81 | Construction of Hangkangsyong Khola Muhan gari Manakamana Fikuri WPS | Neupane Construction Bidur-5, Nuwakot | Rs.64,90,182.01 |

**प्रमुख प्रशासकीय अधिकृत**



### Invitation for Electronic Bids

## Barju Rural Municipality
## Office of Rural Municipality Executive

**Amahibelha, Sunsari**

**Invitation for Bids for the as per table below.**
**Contract Identification No: BRM/SUNSARI/SQ/GOODS/4/2080/81**
**Date of publication: 09-04-2024**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Gelabari Truss Bridge Steel parts Fabrication.
2. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO’s Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:2432050027873004
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
3. Pre-bid meeting shall not be held.
4. The bids will be opened in the presence of Bidders’ representatives who choose to attend at 2:00 PM, 24th April 2024 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 daysafter bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
   Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Gelabari Truss Bridge Steel parts Fabrication. | BRM/SUNSARI/SQ/GOODS/4/2080/81 | 14,43,702/- | 43,000.00 | 3,000.00 |

**Chief Administrative Officer**